नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
(प्रबन्ध शाखा)
नक्साल काठमाण्डौ ।

**राष्ट्रियस्तरको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति **२०७४/१२/२८ गते ।**

१. प्रहरी प्रधान कार्यालयलाई आर्थिक बर्ष २०७४/०७५ मा आवश्यक भएको निम्नानुसारका सामानहरु खरिद गर्नुपर्ने भएकाले योग्य आपूर्तिकर्ताहरुले दरभाउपत्र पेश गर्न हुन अनुरोध गरिएको छ ।

**निम्न:**

| सि.नं. | सामानको नाम | परिमाण एकाई | संकेत नम्बर | दरभाउपत्र कागजात दस्तुर (रु.) | दरभाउपत्र को मान्य अवधि | बैंक जमानत रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | STUDIO INDOOR SHOOTING | 1 Package | PHQ/SQ/25/074/75 | १,०००.०० | ४५ दिन | ४६,१००।- |
| २ | STUDIO LIGHTING | 1 Package | PHQ/SQ/26/074/75 | १,०००.०० | ४५ दिन | ४३,६००।- |
| ३ | OUT DOOR SHOOTING/EDITING | 1 Package | PHQ/SQ/27/074/75 | १,०००.०० | ४५ दिन | ४१,८००।- |
| ४ | DIGITAL ARCHIVING | 1 Package | PHQ/SQ/28/074/75 | १,०००.०० | ४५ दिन | ३८,२००।- |
| ५ | ACOUSTIC FOR STUDIO | 1 Package | PHQ/SQ/29/074/75 | १,०००.०० | ४५ दिन | ४२,९००।- |

२. लिखित निवेदन साथ मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व.२०७३/०७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरेर मात्र यस कार्यालयबाट तोकिएको दस्तुर बुझाई मिति २०७५।०१।१२ गते सम्म कार्यालय समय भित्र दरभाउपत्र कागजात खरिद गर्न सकिने छ ।

३. दरभाउपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११०००२०३ यस कार्यालयको कोड नं.२७-३१४-३१ मा माथि उल्लेखित बिड बण्ड रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै बिड बण्ड जमानत पेश गर्नु पर्नेछ । उक्त बिड बण्डको समयावधी दरभाउपत्रको मान्य अवधी भन्दा ३० दिन बढिको हुनु पर्ने छ ।

४. दरभाउपत्र सम्बन्धी कागजात मिति २०७५।०१।१३ गते १२:०० बजे भित्र प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखामा दर्ता गरी सक्नु पर्ने छ ।

५. शिलबन्दी दर्ता भएका दरभाउपत्र फारामहरु मिति २०७५।०१।१३ गते १४:०० बजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरु एवं यस कार्यालयका पदाधिकारीहरुको रोहवरमा खोलिने छ, दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

७. दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ ।

८. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०१-४४४०५८१ मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

९. यो सूचना नेपाल प्रहरीको वेभ साईट www.nepalpolice.gov.np मा समेत हेर्न सकिने छ ।